**दृष्टिकोण दैनिक**
प्रकाशकः राम सिह धामी
सम्पादक : कृष्ण सिह धामी
सह सम्पादक : रमेश सिह खत्री
कम्प्युटर ले–आउटःदिपक सिह धामी
पत्रिका कार्यालय :
महाकाली नगरपालिका ०४,खलंगा, दार्चुला
फोन नं.:- ०९३–४२०४५६⁄
e-mail:- favorite.a1media@gmail.com,
मुद्रक :– भावना अफसेट प्रिन्टिङ प्रेस महाकाली न.पा.–४

# प्रकाशकीय........

क्षेत्र निकाय, तथा स्वतन्त्रताका पक्षधरहरुले अब फेरी एक पटक लडाई लड्नु पर्ने बेला आएको छ । नेपालमा सूचनाको हक सम्बन्धि कानुन बनेको डेढ दशक भईसकेको सन्दर्भमा अझै पनि विभिन्न सार्वजनिक महत्वका सूचनाहरु लुकाउने, सूचनामा समान र सहज पहुँच नहुने, तथा अनुकुलताका आधारमा सूचनाको गलत प्रयोग हुने विभिन्न घटनाहरु छन् ।

यसको अन्त्यका लागि पुनः एक पटक स्वतन्त्रताका पक्षधर हरुले समय र बदलिदो परिवेश र परिस्थिति अनुसारको सूचनामा सबैको समान पहुँचका लागि आवाज बुलन्द गर्नु पर्ने बेला आएको । सार्वजनिक सम्पत्तीका रुपमा सबै नागरिकहरुले सहज, सरल र समान रुपमा सूचनामा पहुँच राख्न सक्नु पर्छ ।

विश्व प्रेस स्वतन्त्रता दिवस मनाई रहँदा हाल विश्व महामारीका रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को चपेटामा परेको सारा विश्व र त्यसको प्रत्यक्ष मारमा परेको प्रेस क्षेत्र र पत्रकारहरुले आफु सुरक्षित भएर मात्रै त्यसपछिको कर्म गर्नु अहिलेको प्रमुख आवस्यकता हो । यसका साथै सकेसम्म प्रविधिको उच्चतम प्रयोग गरेर सुरक्षित रही सूचना संकलन, प्रसोधनको काम गर्नु पर्ने अवस्था छ । यसका अतिरिक्त सत्य, तथ्य र निष्पक्ष समाचार सम्प्रेषण गर्नु पनि अहिलेको आवस्यकता हो ।

विश्व प्रेस स्वतन्त्रताको अवसर पारेर नेपालको सुदुरपश्चिम प्रदेश दार्चुला जिल्लामा बसेर दृष्टिकोण दैनिक पत्रिका प्रकाशनको थालनी गरेका छौं । 'हरेक कोण सकारात्मक दृष्टिकोण' को मर्म बोकेर दार्चुला जस्तो भौगोलिक विकटता, प्रविधिको अभाव, सीमा क्षेत्रको प्रभाव र दक्ष जनशक्तिको अभावका बाबजुत पनि दैनिक पत्रिका प्रकाशनको चुनौतिलाई सामना गर्न तयार भएका छौँ । हाम्रो प्रयास र कर्मलाई सहयोग, समर्थन, सल्लाह सुझाव दिनुहुने सम्पुर्ण क्षेत्रका महानुभावहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

# दार्चुलाका थप दुई स्थानीय तहमा पनि निषेधाज्ञा जारी

■ दृष्टिकोण समाचार,वैशाख १९ *गते ।*

दार्चुला जिल्लाका थप दुई स्थानीय तहमा पनि निषेधाज्ञा जारी गरिएको छ ।

जिल्लाको मालिकार्जुन गाउँपालिका र लेकम गाउँपालिकामा भोलीदेखि लागु हुने गरी निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय सरकारबाट निषेधाज्ञाका लागि अनुरोध आएकाले सोही अनुसार निषेधाज्ञा गरिएको हो ।

मालिकार्जुन गाउँपालिकामा बैशाख २० गतेदेखि ३१ गतेसम्मका लागि निषेधाज्ञा जारी गरिएको छ । यस्तै लेकम गाउँपालिकामा बैशाख २० गतेदेखि बिहान ६ बजेदेखि २६ बेलुकी ६ बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको छ ।

यसअघि ब्याँस गाउँपालिकाको वडा नम्बर ६ मा, शैल्यशिखर नगरपालिकाको आंशिक क्षेत्र, मार्मा गाउँपालिकाभरी, महाकाली नगरपालिकाभरी निषेधाज्ञा जारी गरिएको थियो । ब्याँस गाउँपालिकाको वडा नम्बर ६, मार्मा गाउँपालिका र शैल्यशिखर नगरपालिकाका आंशिक क्षेत्रमा बैशाख १६ गतेदेखि लागु हुने गरी निषेधाज्ञा जारी गरिएको थियो । मार्मा गाउँपालिकाका तीन जना, ब्याँस गाउँपालिका वडा नम्बर ६ मा दुई जना निषेधाज्ञा जारी गरिएको हो ।

# नेपाल पत्रकार महासंघ दार्चुला शाखाको ईतिहास

■ *शंकर सिह धामी*

नेपाली पत्रकारहरुको पेशागत हक, हितका लागि क्रियासिल छाता संगठन नेपाल पत्रकार महासंघको बैतडी-दार्चुला संयुक्त शाखा वि.सं. २०५९ सालमा स्थापना (गठन) गरिएको थियो । उक्त संयुक्त शाखामा दार्चुलाका अग्रज पत्रकार हिरासिह धामी उपसभापति हुनुहुन्थ्यो । यसैगरी सुरेश धामी, लोकेन्द्रसिह विष्ट, भरतबहादुर चन्द, अनन्तराम भट्ट र कोपिला खत्रीको सदस्यता रहेको थियो ।

दार्चुलामा महासंघको स्थापनासँगै पत्रकारहरु शंकर सिह धामी, पदमसिह बडाल, विक्रम गिरी, भोजराज पन्त, तारादत्त जोशी, अनिल लावड लगायतको सक्रियताले जिल्लाको पत्रकारितामा योगदान पुर्‍याएको थियो । जनआन्दोलन-२ को सफलतापछिको नयाँ परिस्थितिमा दार्चुलामा सञ्चारमाध्यमहरु सञ्चालनमा आएपछि पत्रकारहरुको संख्यामा वृद्धि भएको थियो । बैतडी र दार्चुला दुबै जिल्लाको संयुक्त शाखा हुँदा महासंघका गतिविधि प्रभावकारी हुन नसकेको अवस्थामा दार्चुलामा क्रियासिल पत्रकारहरुले छुट्टै शाखाको माग केन्द्रीय समितिसंग गरेका थिए ।

जिल्लाको मागअनुसार २०६४ मंसिर २१ गतेमा १५ जनाको नयाँ सदस्यता स्वीकृत गरी महासंघको केन्द्रीय समितिले दार्चुला शाखालाई तयारी शाखाको मान्यता दिएको थियो । दार्चुलामा महासंघको छुट्टै शाखा गठनको नेतृत्व गर्ने पत्रकार शंकरसिह धामीलाई महासंघ केन्द्रले तयारी शाखाको संयोजक तोकेको थियो ।

महासंघको दार्चुला शाखामा २०५९ मंसिर २३ गते सदस्यता प्राप्त गरेका ५ जना र २०६३ मंसिर ३ गते सदस्यता प्राप्त गरेका १ जना गरी ६ जना पुराना सदस्य पनि रहेकोमा कुल सदस्य संख्या २१ पुग्यो ।

२०६४ माघमा भएको महासंघ दार्चुला शाखाको प्रथम शाखा अधिवेशनले विक्रम गिरीको अध्यक्षतामा नयाँ कार्य समिति चयन गर्‍यो । उक्त कार्य समितिमा प्रेम चुनारा उपाध्यक्ष, राजेन्द्रप्रसाद बडू सचिव, तारादत्त जोशी सहसचिव र पदमसिह बडाल कोषाध्यक्ष र हनुभएको थियो । सदस्यहरुमा नरेन्द्रसिह कार्की, डम्बर ओड, मिनबहादुर धामी र रमेशराज भट्ट थिए । प्रथम अधिवेशनले केन्द्रीय पार्षदमा हिरासिह धामी, कमलराज जोशी, मदनसिह धामी र सुरेश धामीलाई चयन गरेको थियो ।

२०६७ पुष १६ र १७ गते बसेको महासंघ केन्द्रीय समितिको दशौं बैठकले दार्चुलाका २३ जना पत्रकारहरुको नयाँ सदस्यता स्वीकृत गर्‍यो र पत्रकार महासंघको सदस्य संख्या ४४ पुग्यो । त्यसपछि २०६७ फागुन १० गते भएको महासंघ जिल्ला शाखाको दोस्रो अधिवेशनले नरेशप्रसाद जोशीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्य समिति चयन गरेको थियो ।

उक्त कार्य समितिको उपाध्यक्षमा प्रेम चुनारा, सचिव शंकर धामी, सहसचिव नरेन्द्र कार्की, कोषाध्यक्ष भरतबहादुर चन्द तथा सदस्यहरुमा भोजराज पन्त, त्रिलोक कुवर, केशवदत्त भट्ट, राजमति बम, धौली बडाल र अनिल लावड रहेका छन् ।

केन्द्रीय पार्षदमा हिरासिह धामी, कमलराज जोशी, राजेन्द्रप्रसाद बड्डु, सुरेश धामी, विक्रम गिरी र शेरसिह सामन्त चयन हुनुभयो । सर्वसम्मतिमा महासंघको नेतृत्व चयन गर्नमा दार्चुलाका अग्रज पत्रकारहरु हिरासिह धामी, सुरेश धामी, शंकरसिह धामी, भोजराज पन्त, भरतबहादुर चन्द, विक्रम गिरीलगायतको योगदान एवं सक्रियता रहेको थियो ।

२०७० चैत्र ४ गते नेपाल पत्रकार महासंघ दार्चुला शाखाको तेस्रो जिल्ला अधिवेशन सम्पन्न भयो । उक्त अधिवेशनले शंकरसिह धामीको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरिएको छ । कार्य समितिको उपाध्यक्षमा राजेन्द्रसिह धामी, सचिव इन्द्रसिह साउद, सहसचिव धौली बडाल, कोषाध्यक्ष लोकेन्द्रवहादुर बम र सदस्यहरु कृष्णसिह धामी, बीरेन्द्रसिह महरा, गोकर्ण मिश्र, खेमराज भट्ट र पुष्करराम लोहार रहनुभएको छ । तेस्रो जिल्ला अधिवेशनमा हिरासिह धामी, भोजराज पन्त, त्रिलोकसिह कुवर, भुवनवहादुर डाँगा, राजमति बमलाई केन्द्रीय पार्षदमा चयन गरेको थियो ।

२०७३ फागुन २२ गते नेपाल पत्रकार महासंघ दार्चुला शाखाको चौथो जिल्ला अधिवेशन सम्पन्न भयो । उक्त अधिवेशनले शंकरसिह धामीको नेतृत्वमा सर्वसम्मत रुपमा नयाँ कार्य समिति चयन गरेको थियो । कार्य समितिको उपाध्यक्षमा राजेन्द्रसिह धामी र सुशीला ठगुन्ना, सचिव कृष्णसिह धामी, सहसचिव मनोज बडू र धौली बडाल, कोषाध्यक्ष भोजराज जोशी रहनुभएको छ । कार्य समिति सदस्यमा रामसिह धामी, दीपकराम दमाई, गगनसिह विष्ट र ईश्वरी बुढाथोकी चयन भएका थिए ।

चौथो जिल्ला अधिवेशनले हिरासिह धामी, पदमसिह बडाल, प्रेम चुनारा, नरेन्द्र कार्की, इन्द्रसिह साउद र कलावती विष्टलाई केन्द्रीय सभासद चयन गरेको थियो । प्रदेश सभासद्मा लोकेन्द्रवहादुर बम, वीरेन्द्रसिह महरा, मिनवहादुर धामी, नन्दा धामी, मञ्जु कल्याल, कमलराज जोशी, केशवदत्त भट्ट र खेमराज बडू चयन भएका थिए ।

## प्रमुख उपलब्धिहरु :

१) कार्यालय भवन निर्माण भएको छ । जिल्लामा नागरिक समाज र नेतृत्वदायी नागरिक संस्थाका रुपमा महासंघ स्थापित र सक्रिय छ ।

२) जिल्लामा रहेका सञ्चारमाध्यम र सञ्चारकर्मीबीच समन्वय र सहकार्यको अभ्यास भइरहेको छ ।

३) आधारभूत पत्रकारिता तालिम, सुशासन प्रवर्द्धन तालिम र संहिता सम्बन्धि तालिम सञ्चालन गरिएका छन् ।

४) दार्चुलाका नौवटै स्थानीय तहमा महासंघको समन्वयमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमका अभ्यास भइरहेका छन् । महासंघको व्यवस्थापन तथा सहजिकरणमा महाकाली नगरपालिका, शैल्यशिखर नगरपालिका र लेकम गाँउपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिएका छन् ।

## महासंघ जिल्ला शाखा दार्चुलामा देखिएका चुनौतीहरु एवं हाम्रा आवश्यकताहरु :

१) पत्रकारको पेशागत क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । क्रियासिल पत्रकारहरुको क्षमता अभिवृद्धि सम्बन्धि तालिम सञ्चालन गर्नु आवश्यक छ ।

२) दार्चुला जिल्लामा सुचनाको हक सम्बन्धि ऐन र नियमावलीमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । खासगरी सार्वजनिक निकायहरुले सम्पादन गरेका कामहरु, आयव्ययको विवरण सार्वजनिक गर्ने कार्य जस्ता क्रियाकलाप हुन सकेका छैनन् । यति मात्रै गर्न सकेमा एकातर्फ पारदर्शीता कायम हुन्थ्यो र स्थानीय सञ्चारमाध्यममा सान्दर्भिक समाचार प्रकाशन तथा प्रशारण हुन्थ्ये र अर्कोतिर स्थानीय मिडियालाई विज्ञापन प्राप्त भई सहयोग पुग्ने थियो । यसबारे महासंघले केन्द्र र प्रदेशस्तरबाट केही पहल गरोस् ।

३) जिल्लामा सञ्चालित सञ्चारमाध्यमको दीगो सञ्चालनका लागि आर्थिक स्रोत व्यवस्थापन चुनौतीपूर्ण छ ।

यसमा राज्य र तिनवटै सरकारहरुको योगदान हुनु आवश्यक छ । लोककल्याणकारी विज्ञापन वृद्धि, समानुपातिक विज्ञापन प्रणालीको कार्यान्वयन हुनु आवश्यक छ ।

४) राजधानीबाट धेरै टाढा रहेको दार्चुला जिल्लामा क्रियासिल पत्रकारहरुले सुचना तथा प्रशारण विभागबाट पत्रकार परिचयपत्र बनाउन सकेका छैनन् ।